नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
काभ्रेपलाञ्चोक
धुलिखेल

☎ ०११-४९०१२३
०११-४९०३२०
०११-४९०२२३

ईमेल- daokavre@gmail.com
daokavre.avilekh@gmai.com
(अभिलेखका लागि)

सूचना प्रकाशित मितिः २०८२।११।१६ शनिबार

## होली पर्व मनाउने सम्बन्धी जरुरी सूचना !

यही मिति २०८२/११/१८ गते पर्न गएको नेपालीहरूको महान् चाड फागु पूर्णिमा (होली) को उपलक्ष्यमा जिल्ला एवं देशवासी सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा शुभकामना व्यक्त गर्दछौं।

ऐतिहासिक महत्व बोकेको सांस्कृतिक गौरवको यो पर्व सामाजिक सदभाव र भाइचारा कायम गर्दै सौहार्द एवं सहिष्णु समाज निर्माण गर्न प्रेरक रहेको छ। तसर्थ, होली पर्वको यस अवसरमा धार्मिक तथा सांस्कृतिक रूपमा अन्य कोहि कसैलाई बाधा अवरोध नगरी आफ्ना परिवारजन, साथीभाइहरूसँग मनाउन बाधा नपर्ने तर सार्वजनिक स्थानमा भिड जम्मा भई होहल्ला गर्ने, मेला महोत्सव गर्ने, कसैको इच्छा विपरीत रंग एवं पानीको लोला हान्ने, पानीको फोहरा हान्ने, जबरजस्ती रङ दल्ने जस्ता कार्यहरू नगर्न/नगराउन सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ।

यसैगरी आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचन आचारसंहिता, २०८२ को परिच्छेद ४ को दफा १३ (घ) को व्यवस्था बिपरीत हुने भएकाले होली पर्व मनाउने क्रममा निर्वाचन चिन्ह र उम्मेदवारको तस्वीर अंकित भेष्ट, ब्याच, टि-सर्ट, कमिज, गम्छा लगायतका कपडाहरू प्रयोग गर्ने, मंच बनाई सांगीतिक कार्यक्रमहरू गर्ने, मादक पदार्थको बिक्री वितरण तथा सेवन गर्ने जस्ता कार्यहरु नगर्न नगाराउन समेत सम्बद्ध सबैलाई जानकारी गराईन्छ।

यदि कोही कसैले उल्लेखित कुराहरुको अवज्ञा गरी अमर्यादित, उच्छृंखल, अवाञ्छित एवं गैरकानूनी क्रियाकलाप गरेमा सामाजिक व्यवहार (सुधार) ऐन तथा नियमावली, २०३३, निर्वाचन आचार संहिता, २०८२ र प्रचलित कानून बमोजिम कारवाही भै जाने व्यहोरा समेत सूचित गरिन्छ।

भोलानाथ गुरागाई
सहायक प्रमुख जिल्ला अधिकारी